# नेपाल राष्ट्र बैंक

## प्रेस विज्ञप्ति

नेपाल राष्ट्र बैंकद्वारा चालु आर्थिक वर्ष २०६८/६९ को पहिलो त्रयमाससम्मको समष्टिगत आर्थिक स्थिति सार्वजनिक गरिएको सन्दर्भ लगायतका समसामयिक विषयमा मंसिर १६ गते पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरियो । सो कार्यक्रमको सुरुआत गर्दै गभर्नर डा. युवराज खतिवडाले अहिले वित्तीय क्षेत्र सामान्य अवस्थामा रहेको, अल्पकालीन तरलता संकट समाधान भइसकेको तथा वित्तीय सेवाको विस्तार सन्तोषजनक रहेको कुरा बताउनु भयो । विप्रेषणको आप्रवाह तथा सेवा क्षेत्रको विस्तारका कारण शोधनान्तर बचत भएको उल्लेख गर्दै डा. खतिवडाले विप्रेषण आप्रवाहका कारण जनसाधारणको क्रयशक्ति बढिरहेको र त्यसलाई उत्पादनशील क्षेत्रमा प्रवाह गर्नु आवश्यक रहेको उल्लेख गर्नुभयो । सेयर आपूर्तिमा वृद्धि, सेयर बजारका खेलाडीहरूको घरजग्गा व्यवसायमा लगानी, सो व्यवसाय सुस्ताएका कारण वित्तीय क्षेत्रमा देखिएको असर तथा सेयर बजारमा वित्तीय क्षेत्रको बाहुल्य रहेकाले सेयर मूल्य घट्दो क्रममा रहेको उल्लेख गर्दै वित्तीय क्षेत्रमा तरलता सुधारसँगै सेयर बजार सुध्रने आशा उहाँले व्यक्त गर्नुभयो ।



सो भेटघाट कार्यक्रममा व्याजदर, मूल्य स्थिति, सम्पत्ति व्यवस्थापन कम्पनी, विनिमय दर, वित्तीय सेवाको विस्तार र समावेशीकरण, मौद्रिक विस्तार, शोधनान्तर स्थिति लगायत चालु आर्थिक वर्षको प्रथम तीन महिनासम्मको आर्थिक स्थितिका सम्बन्धमा पत्रकारद्वारा उठाइएका जिज्ञासाको गभर्नर डा. खतिवडाले समाधान गर्नुभएको थियो ।

नेपालको मूल्यवृद्धिमा अन्तराष्ट्रिय मुद्रास्फीतिको सम्बन्ध सन् २००७-०८ मा विपरीत देखिएको भए पनि त्यसपछिको समयमा प्रत्यक्ष देखिएको उल्लेख गर्दै नेपालको वित्तीय क्षेत्र विस्तारको तुलनामा वास्तविक क्षेत्रमा अपेक्षाकृत वृद्धि नहुँदा आयातित उपभोग्य सामग्रीको मूल्यमा चाप पर्न गएको कुरा सङ्केत गर्दै गभर्नर डा. खतिवडाले भन्नुभयो- 'मुद्रास्फीतिको कुरा गर्दा आपूर्ति अवरोध र संरचनात्मक समस्यालाई पनि हामीले भुल्न हुँदैन ।' उहाँले शान्ति सुरक्षामा आएको सुधारसँगै भा.रु. सञ्चितिपनि सुदृढ भइरहेको र अहिले भा.रु. सञ्चिति करिव ४६ अर्ब बराबर रहेकाले यो अवस्था सुविधाजनक रहेको जानकारी दिनुभयो । सो अवसरमा उहाँले आर्थिक क्षेत्रका विभिन्न आयाम, वित्तीय क्षेत्र स्थायित्व, सुपरिवेक्षण प्रणाली, छाया बैंकिङ लगायतका विषयमा समेत प्रकाश पार्नुभएको थियो । डेपुटी गभर्नर द्वय श्री गोपालप्रसाद काफ्ले, महाप्रसाद अधिकारी लगायत बैंकका विशिष्ट पदाधिकारीहरूको उपस्थिति रहेको सो कार्यक्रमको अन्त्यमा पत्रकारको सक्रिय सहभागिता सहितको जिज्ञासाका लागि गभर्नर डा. खतिवडाले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

गभर्नरको कार्यालय